# वार्षिक प्रगति प्रतिवेदन

## शनिश्चरे बहुमुखी क्याम्पस

## अर्जुनधारा ७ झापा

स्थपित २०६४

आ.ब. २०७८/२०७९

## १. क्याम्पसको संक्षिप्त पृष्ठभूमि :

वि.स.२०३७ साल पछिका दिनमा त्रिभुवन विश्वविद्यालयबाट समुदायस्तरमा क्याम्पस सञ्चालन गर्ने नीति आएपछि समुदायस्तरमा क्याम्पस स्थापना हुन थाले । यही क्रममा झापा जिल्लाको उत्तरी क्षेत्र चुरे पहाडको फेदीमा रहेको अर्जुनधारा नगरपालिका अन्तर्गत शनिश्चरे बजार तथा पूर्वको पशुपतिनाथको प्रतीकका रुपमा रहेको अर्जुनधारा मन्दिरको समीपमा शनिश्चरे बहुमुखी क्याम्पस स्थापना भएको छ ।

तत्कालीन शनिश्चरे, अर्जुनधारा, खुदुनावारी गा.वि.स.का शिक्षाप्रेमी, समाजसेवी तथा बुद्धिजीवीको अथक प्रयास र योगदानको परिणामस्वरुप वि.स. २०६४ भाद्र १९ गते शनिश्चरे बहुमुखी क्याम्पसले सामुदायिक क्याम्पसका रुपमा त्रि.वि.बाट शिक्षाशास्त्र र व्यवस्थापन संकायका कक्षा सञ्चालन गर्न सम्बन्धन प्राप्त गरेको छ ।

त्रि.वि.को नीतिमा छुट्टै कम्पाउन्ड र भवनमा क्याम्पस सञ्चालन गर्नुपर्ने भएकाले तत्कालीन व्यवस्थापन समितिको अगुवाइमा यसक्षेत्रका शिक्षासेवी, समाजसेवीका साथै अभिभावकाको सक्रिय सहभागितामा वि.सं. २०६६ सालमा एक विगाह एक कट्ठा साढे नौ धुर जग्गा क्याम्पसको नाममा खरिद गरिएको थियो । सोही जग्गामा न्यूनतम रुपमा आवश्यक पर्ने कक्षाकोठाहरु निर्माणका लागि तत्कालीन अवस्थामा लगाइएको पुराणमा दाता महानुभावबाट उपलब्ध गराइएको रकम, विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान रकम, नगरपालिका (लक्षित समूहको सहित) बाट प्राप्त अनुदान रकम, सांसद क्षेत्र विकास कोषका साथै अन्य जनसहभागिताको प्रयासस्वरुप भवन निर्माण भयो । फलस्वरुप क्याम्पस स्थापना भएको १० वर्षपछि २०७४ साल साउनबाट शनिश्चरे माध्यमिक विद्यालयबाट क्याम्पसलाई आफ्नै भवनमा स्थानान्तरण गरियो । यसपछिका दिनमा सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ बाट प्रशासनिक भवन र विश्वविद्यालय अनुदान आयेगबाट पुनः प्राज्ञिक भवन थप गरी हालसम्म ३ वटा भवन निर्माण गरिएका छन् । जहाँ आज हामी उपस्थित भएर क्याम्पस साधारण सभा सञ्चालन गरिरहेका छौ । आजका मितिसम्म आइपुग्दा यस क्याम्पसले भौतिक पूर्वाधारका क्षेत्रमा कार्यालय कक्ष, पुस्तकालय तथा लेखा कक्ष, कक्षाकोठा, छुट्टा छुट्टै रुपमा सञ्चालन गर्न सफल भएको छ । यसैगरी शौचालय पनि स्टाफ, छात्र र छात्राको लागि समेत अलग अलग व्यवस्था भएको छ । खानेपानीको न्यूनतम सुविधा दिइएको छ । क्याम्पस प्रवेशद्वार सहित कम्पाउन्डको एक चौथाइ भाग वाल (पर्खाल) निर्माण गरिएको छ । यसै गरी मोटर साइकल स्टेन्ड तयार गरिएको छ । ल्याबटप, डेक्सटप, प्रोजेक्टर, सिसि क्यामेरा, प्रत्येक कोठामा पंखा आदि जस्ता उपकरण सहित  सफट्वेयर, इन्टरनेट समेत जडान गर्ने कार्य भएको छ । न्यूनतम रुपमा आवश्यक पर्ने डेस्कबेञ्च, पोडियम, ह्वाइट बोर्ड, दराज, टेबल, कुर्शी, लाईब्रेरी ऱ्याक, पुस्तक तथा सन्दर्भ सामग्री खरिद, सहित पुस्तकालयको व्यवस्थापन गरिएको छ । साथै विद्यार्थीको चौतर्फी विकासका साथै मनोरञ्जन प्रदान गर्न आवश्यक पर्ने इनडोर र आउटडोर गेमका लागि आवश्यक संरचना निर्माणमा भलिबल, बास्केटबल,

टेवलटेनिस कोर्टको समेत व्यवस्था गरिएको छ। यी कुराका अतिरिक्त विशेषगरी पिछडिएका वर्गका विद्यार्थीहरुलाई यातायातको सुविधा सहित सस्तो र सुलभ दरमा सहज रुपले उच्च शिक्षा हासिल गर्ने अवसर पनि यस क्याम्पसबाट उपलब्ध गराइएको छ।

**२. विद्यार्थी भर्नाको अवस्था :**

विद्यार्थी भर्नाको विकास क्रम र प्रवाहलाई अध्ययन गर्दा क्याम्पस स्थापनाको पहिलो बर्ष २०६४ सालमा व्यवस्थापन तर्फ २८ र शिक्षा संकाय तर्फ ११८ जना गरी जम्मा १४६ जना विद्यार्थी भर्ना भएका थिए। यसमध्ये छात्राको प्रतिशत दुवै संकाय (शिक्षशास्त्र र व्यवस्थापन) मा गरेर ६७.८० प्रतिशत छात्राको थियो भने छात्रको दर ३२.२० प्रतिशत थियो।

यसपछिका दिनमा क्याम्पसको सेवा क्षेत्रमा अन्य क्याम्पस स्थापना हुनका साथै अन्य प्राविधिक कारणले  विद्यार्थी सख्या क्रमिक रुपमा घटन थाल्यो। यो क्रममा २०७२ सालसम्म कायमै रहयो। २०७३ सालबाट नयाँ भर्नाको अवस्थामा पुनः सुधार आई विद्यार्थी भर्ना यसपछिका दिनमा प्रत्येक बर्ष वृद्धि हुँदै गएको छ। हाल यस क्याम्पसमा अध्यन गर्ने जम्मा विद्यार्थीको संख्या ७१४ छ। यसमध्ये छात्रा तर्फ ४९९ (६९.८८ प्रतिशत) र छात्र तर्फ २१५ (३०.११ प्रतिशत ) रहेको छ। जसको विस्तृत विवरण **अनुसूची १** मा राखिएको छ।

**३.जातिगत रुपमा विद्यार्थी भर्नाको अवस्था :**

यस क्याम्पसमा अध्ययन गर्ने जम्मा ७१४ जना विद्यार्थीमध्ये जातिगत विद्यार्थीहरुमा दलिततर्फ ५५ जना (०७.७० **%**), जनजातितर्फ १५३ जना (२१.४२**%**), मधेशीतर्फ २६ जना (०३.६४**%**) र अन्यतर्फ ४८० जना (६७.२२**%**) छन्। जसलाई विस्तृत रुपमा **अनुसूचीं २** मा राखिएको छ।

**४.शैक्षिक कार्यक्रम** :

यस शनिश्चरे बहुमुखी क्यामपसमा त्रिभुवन विश्वविद्यालयबाट २०६४ साल भदौ १९ गतेबाट लागु हुने गरी Bachelor's under yearly system मा व्यवस्थापन संकाय अन्तरगत Bachelor in Business Study (BBS) र शिक्षाशास्त्र संकाय अन्तरगत Bachelor in Education (BED) का कार्यक्रमहरु सञ्चालन भइरहेका छन्। हाल ४ वर्षे स्नातक तह अन्तरगत अंग्रेजी र नेपाली दुवै माध्ययमका कक्षा विविएस तर्फ छन् भने शिक्षा तर्फ अंग्रेजी, नेपाली र अर्थशास्त्र मेजर विषयका रुपमा छन् भने माइनर विषयमा जनसङ्ख्या शिक्षा सञ्चालन भइरहेका छन्।

**५. विद्यार्थीको उत्तीर्ण दर :**

**यस क्याम्पसमा अध्ययनरत विद्यार्थीको विगत तीन वर्षको उत्तीर्ण दर यसप्रकार छ।**

(**क**) शैक्षिक सत्र २०७६ मा ३०.९६ प्रतिशत, शैक्षिक सत्र २०७७ मा १९.०८ प्रतिशत छ भने शैक्षिक सत्र २०७८ मा ३१.७१.प्रतिशत छ। उत्तीर्ण दरको विस्तृत विवरण **अनुसूची ३** मा उल्लेख गरिएको छ।

## ६. स्नातक उपाधि प्राप्तको अवस्था :

यस क्याम्पसमा २०६८ साल देखि २०७८ सम्म २१७ जना विद्यार्थीले स्नातक तह उपाधि प्राप्त गरेका छन् ।

यसमध्ये छात्रा तर्फ ११८ जना(५४.३७ प्रतिशत ) र छात्र तर्फ ९९ जना (४५.६२ प्रतिशत) छन् ।

## ७.संरचनागत र गैर संरचनागत पूर्वाधारको विकास :

(क) हाल यस क्याम्पसमा ३ भवन १९ वटा पक्की , ४ वटा अर्धपक्की र ५ वटा कच्ची सहित २९ वटा कोठा छन् ।

(ख) शौचालयतर्फ शिक्षक स्टाफ, छात्र, छात्राका लागि अलग अलग गरेर जम्मा १२ वटा रेस्टरुम र ९ वटा युरिनल छन् ।

(ग) खानेपानी तर्फ फरवार्ड युवा मञ्चद्वारा निर्माण भएका २ वटा धारासहित जम्मा ७ वटा धाराको व्यवस्था भएको छ ।

(घ) मोटरसाइकल पार्किङको लागि ६९ फुट लम्बाइ र १२.५ फूट चौडाइको व्यवस्था भएको छ ।

(ङ) फर्निचरतर्फ डेक्सवेञ्च १३६ जोडी, दराज ७ थान, कुर्सी ५४ थान, टेवल कार्यालय ६ र सादा ४ गरी १० थान, पोडियम १५ थान, ह्वाइटबोर्ड १३ थान, आराम वेञ्च १ थान, राउन्ड टेवल १ थान, पुस्तकालय र्‍याक ४ थान, फइल र्‍याक ३ थान, कम्युटर टेवल २ थान र कम्प्यूटर र्‍याक १० सेटको व्यवस्था भएको छ ।

(च) **पुस्तक विवरण** : पाठ्यक्रम, पाठ्यपुस्तक संख्या १५६५ थान, जर्नल संख्या ११ थान, सन्दर्भ सामग्री संख्या ४२० थान छन् । माथि उल्लिखित बुँदा (क) देखि (ङ) सम्मको विस्तृत विवरण **अनुसूची** ४,५ र ६ मा राखिएको छ ।

(छ) **छात्रवृत्ति मार्फत विद्यार्थीमा पुऱ्याएको सेवा** : यस क्याम्पसमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये १२३ जना विद्यार्थीलाई जम्मा रु ३०७९०० रकम छात्रवृत्ति वापत उपलब्ध गराइएको छ । यस मध्ये ६ जनालाई रु.४६२०० अक्षयकोष मार्फत र बाँकी ११७ जनालाई रकम रु.२,६१,७०० आन्तरिक स्रोतबाट उपलब्ध गराइएको छ । विस्तृत विवरण **अनुसूची** ६ मा उल्लेख गरिएको छ ।

(ज) **प्रति विद्यार्थी खर्च** : यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको खर्च प्रति विद्यार्थी आ.व. २०७५/०७६ मा रु.३२८५२ (२९२ जना विद्यार्थी), २०७६/०७७ मा रु.२७५५४ (३६३ जना विद्यार्थी) र २०७७/०७८ मा रु २७५०१ (५४० जना विद्यार्थी) भएको पाइन्छ । जसको विस्तृत विवरण **अनुसूची** ७ मा राखिएको छ ।

(झ) **सूचना मूलक प्रकाशन सामग्री** : शनिश्चरे बहुमुखी क्याम्पसका भौतिक, शैक्षिक, व्यवस्थापन, आर्थिक गतिविधि सहित सुचनामूलक सामग्रीका साथै अनुसन्धानात्मक विषयवस्तु समावेश गरी क्याम्पसको मुखपत्रका रुपमा रहेको **"शनिश्चरे बहुमुखी क्याम्पस परिचयात्मक पुस्तिका"-२०७६** र **"शनिप्रभा"-२०७७** प्रकाशन गरिएका छन् ।

(ञ) **अक्षयकोष** : विभिन्न दाता महानुभावहरुबाट मूलधन खर्च गर्न नपाउने सर्तमा ब्याज मात्र खर्च गर्न पाउने गरी जम्मा भएको रकम रु. ५,३६,१२०।- (अक्षरेपी रु. पाँच लाख छत्तीस हजार एक सय बीस मात्र) छ ।

## ८.गतवर्ष वर्ष निर्माण भएका संरचनागत र गैर संरचनागत पूर्वाधारको विकास

**(क) संरचनागत भौतिक पूर्वाधारका क्षेत्र (आ.ब.२०७७/२०७८) मा भए गरेका कार्यहरु:**

- **भवन निर्माण** : भवन निर्माणका लागि विश्वविद्यालय अनुदान आयोगसंग आ.ब. २०७६/२०७७ को असारमा रु.५०,००,००० (पचास लाख) को अनुदानमा चार कोठे भवनका लागि सम्झौता भए अनुरुप रकम निकाशा भइ चारकोठे भवन निर्माण भइसकेको छ ।

**(ख) गैरसंरचनागत भौतिक पूर्वाधारका क्षेत्र (आ.ब.२०७७/२०७८) मा भए गरेका कार्यहरु:**

- **अतिरिक्त कियाकलाप संरचनाको विकास** : विश्वविद्यालय अनुदान आयोग सानोठिमीको रु.१०,००००० (दशलाख) अनुदान सहयोगमा शनिश्चरे बहुमखी क्याम्पसको अतिरिक्त क्रियाकलाप संरचना तयार गर्ने सन्दर्भमा क्याम्पसको आफनै स्वामित्वमा रहेको ७२७२.११ वर्गफूट जमिनमा १००० घन फूटभन्दा बढी माटो हाली जमिन पुर्ने र मिलाउने कार्यका साथै १०० फुट लम्बाइ र ७० फुट चौडाइ २.५ फूट उचाइ ८ इन्च बेसको प्लम लगाइ सो भित्र ३०० घन फूटभन्दा बढी मिक्स गिटी, माटो, इटा तथा ढुङ्गा मिश्रित धुलोमाटो समेत मिलान गरी जे.सि.भि., पानी टेङ्कर, ग्रेडर र रोलर समेत प्रयोग गरी कोर्ट तयार गरिएको छ । यसका साथै बास्केट बलका लागि आवश्यक पर्ने रिङ्ग, पोल, जाली आदि जस्ता सामग्रीको व्यवस्था समेत गरिएकाले अबका दिनमा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि बास्केटबल प्रतियोगिता गर्न सहज भएको छ । यसका अतिरिक्त अन्तर क्याम्पस प्रतियोगिता सञ्चालन गर्न समेत सकिने छ ।
- **टेवलटेनिस कोर्ट** :१९ फूट लम्बाइ र १७ फूट चौडाइको इन्डोर ग्यामका रुपमा प्रयोग गर्न सकिने गरी टेवल टेनिस कोर्टको संरचना तयार गरी यसका लागि आवश्यक पर्ने टेवलटेनिस बोर्ड, बल, ब्याड, नेट आदिको समेत व्यवस्था गरिएको छ ।
- **पुस्तक खरिद** : विश्वविद्यालय अनुदान आयोग सानोठिमीको रु.५,००००० (पाँच लाख) अनुदान सहयोगमा विद्यार्थी तथा प्राध्यापकको प्रयोजनका लागि पुस्तक खरिद गर्न उपलब्ध गराइएको रकमबाट विशेष गरी पाठ्यपुस्तक ५० प्रतिशत र सन्दर्भ सामग्री ५० प्रतिशत खरिद गरी पुस्तकालयको व्यवस्थापन गरिएको छ । जसअनुरुप पाठ्यपुस्तक तर्फ ७२६ थान र सन्दर्भ सामग्रीतर्फ थान ३९५थान पुस्तक खरिद गरी पुस्तकालयको अवस्थामा सुधार गर्न ठूलो मद्दत पुगेको छ ।

(ङ) **फर्निचर निर्माण** : हचुमासा.सामुदायिक बन उपभोक्ता समितिबाट प्राप्त अनुदान रकम रु.५००००/ (पचास हजार) बाट फलामको फ्रेममा १० जोडी डेक्सवेन्च निर्माण गरिएका छन् ।

९ मुद्दा तथा चुनौतीहरु :

- ❖ गुणस्तर सुनिश्चितता प्रत्यायनको प्रमाणपत्र प्राप्तिका लागि स्वअध्ययन प्रतिवेदन तयार गर्न
- ❖ शिक्षक कर्मचारी र विद्यार्थीको उपयोगका लागि क्यान्टिन (खाजाघर) को व्यवस्था गर्न
- ❖ अधुरो रहेको कम्पाउन्डवाल (२२९ मिटर) लाई पूर्णता दिन
- ❖ पुरानो शिक्षण भवनको पहिलो तलाको दक्षिणतर्फको ट्रस्ट लगाइएका ४ कोठालाई पक्कीमा रुपान्तरण गर्न
- ❖ पुस्तकालयको साथमा छुट्टै अध्ययन कक्षको व्यवस्था गर्न
- ❖ मूल सडकबाट क्याम्पस प्रवेश मार्गलाई पक्की बनाउन
- ❖ क्याम्पस हाताभित्र पेवल्स लगाउन
- ❖ प्राध्यापक तथा कर्मचारीहरुलाई आफ्नो क्षमता चिन्न र अध्यावधिक हुने वातावरण तयार गर्न
- ❖ नियमित रुपमा शैक्षिक कार्यपात्रो (working calendar ) निर्माण र सो अनुरुप कार्यान्वयन गर्न
- ❖ क्याम्पसको नियमित कोषको अभिबृद्धि गर्न,
- ❖ सञ्चालक समितिलाई गोष्ठी तथा अभिमुखीकरणका माध्यमबाट सशक्तिकरण गर्न,
- ❖ शिक्षक, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीलाई व्यक्तिगत र सामुहिक सल्लाह तथा परामर्श प्रदान गर्न,
- ❖ सहकार्यकलापमा छात्र-छात्राको उल्लेख्य सहभागिता गराउन,
- ❖ शिक्षक कर्मचारीको तलबभत्ता लगायत अन्य विविध शीर्षकको तिर्नुपर्ने दायित्व भुक्तानी गर्न
- ❖ पुराणमा चन्दादाताको रुपमा प्रतिबद्धताका साथ स्वेच्छाले बोलकबोल गरेको रकम उठाउन
- ❖ समयानुकूल विद्यार्थीको सुविधाको लागि यातायातका साधनको थप व्यवस्थापन गर्न
- ❖ उपयुक्त आकार र समान रुपका कक्षाकोठाको व्यवस्था गर्न
- ❖ प्राविधिक विषयका कक्षा सञ्चालन गर्न
- ❖ माग भएअनुरुप गरिब तथा जेहेन्दार छात्रछात्रलाई छात्रवृत्तिका कार्यक्रम मार्फत प्रोत्साहान गर्न
- ❖ स्वच्छ र स्वस्थ पिउने पानीको व्यवस्थापन गर्न
- ❖ आइसिटी ल्याब, कम्प्युटरल्याब, प्रोजेक्टर साथै प्रयोगात्मक कक्षका आवश्यक पर्ने पूर्वाधार तयार गर्न
- ❖ प्रविधिमूलक र पर्याप्त मात्रामा पुस्तक सहित पुस्तकालय कक्षको व्यवस्थापन गर्न
- ❖ शैक्षिक गुणस्तर अभिबृद्धि गर्न
- ❖ पर्याप्त मात्रमा खेल सामग्रीको व्यवस्था गर्न
- ❖ समयानुकुल शिक्षक तथा कर्मचारीको तलबभत्ता वृद्धि गर्न

१०. चालुवर्षका मूख्य कार्यक्रम र कार्ययोजना :

१.फर्निचर निर्माण (डेक्सवेञ्च २० जोडी, कार्यलय टेबल ५ थान, दराज ५ थान, प्लास्टिक कुर्सी २० थान)

२.अस्थायी प्रकृतिको क्यान्टिन (खाजाघर) निर्माण र सञ्चालन (तत्कालै गर्नुपर्ने हुनाले)

३.क्यूएए प्रमाणपत्र प्राप्तिका लागि स्वमूल्याकंन प्रतिवेदन तयारी र सम्प्रेषण

४.दश वर्षे गुरुयोजना निर्माण

५.पाँच वर्षे रणनीतक योजनाको परिमार्जन

६.प्रतियोगितात्मक अतिरिक्त कियाकलाप सञ्चालन

७. क्याम्पसको मुख पत्रका रुपमा रहेको "शनिप्रभा" प्रकाशन

८. अनलाइन "जर्नल" प्रकाशन (अनुसन्धानात्मक लेखहरु समावेश भएको)

९. शिक्षक विद्यार्थी प्रोफाइल निर्माण

१०. शैक्षिक सूचना प्रणालीको व्यवस्थापन

११. स्वअध्ययन मूल्याकंन प्रतिवेदन सम्बन्धी शैक्षिक सरोकारवालासंग अन्तरकिया कार्यकम

१२.विभागको व्यवस्थापन र परिचालन

१३.अनुसन्धान प्रतिवेदन तयारी सम्बन्धी तालिम

१४. शैक्षिक क्यालेन्डर निर्माण

**क्याम्पस साधारण सभामा पेश गरिएका प्रस्तावहरु :**

१. संस्थाको तर्फबाट पेश गरिएको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा

२. संस्थाको आर्थिक वर्ष २०७७/२०७८ को आर्थिक प्रतिवेदन अनुमोदन सम्बन्धमा

३. क्याम्पस सञ्चालन नियमावली दोस्रो संशोधन २०७५ मा थप समसामयिक नियमहरु थप र परिमार्जनका लागि निर्देशन

४. संस्थाको तर्फबाट प्रस्तावित २०७९/०८० को कार्य योजना अनुमोदन सम्बन्धमा

..............................

सरोजकुमार ओली
अध्यक्ष

..............................

मोहनप्रसाद ओली
क्याम्पस प्रमुख

मितिः २०७९ भाद्र २९ गते

## अनुसूची १

### तालिका १ : शैक्षिक सत्र २०७८/२०७९ को विद्यार्थी भर्नाको विवरण :

| वर्ष | व्यवस्थापन | | | शिक्षाशास्त्र | | | जम्मा | | | बर्षगत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | भर्ना प्रतिशत |
| पहिलो | ६० | ५४ | ११४ | ९७ | ३० | १२७ | १५७ | ८४ | २४१ | ३३.६५ |
| दोस्रो | ६७ | २५ | ९२ | १५६ | २८ | १८४ | २२३ | ५३ | २७६ | ३८.६५ |
| तेस्रो | १६ | ३८ | ५४ | ५० | १७ | ६७ | ६६ | ५५ | १२१ | १६.९४ |
| चौथो | २५ | १२ | ३७ | २८ | ११ | ३९ | ५३ | २३ | ७६ | १०.६४ |
| जम्मा | १६८ | १२९ | २९७ | ३३१ | ८६ | ४१७ | ४९९ | २१५ | ७१४ | १००.०० |

## अनुसूची २

### तालिका २ : जातिगत विद्यार्थीको भर्ना विवरण (२०७८/२०७९)

| कार्यक्रम | जम्मा विद्यार्थी | | | दलित | जनजाती | मधेशी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | | | | | |
| विविएस | १६८ | १२९ | २९७ | २० | ५३ | १४ | २१० | २९७ |
| विएड | ३३१ | ८६ | ४१७ | ३५ | १०० | १२ | २७० | ४१७ |
| **जम्मा** | ४९९ | २१५ | ७१४ | ५५ | १५३ | २६ | ४८० | ७१४ |
| | ६९.८८% | ३०.११% | १०० % | ०७.७०% | २१.४२% | ०३.६४ % | ६७.२२% | १०० % |

## अनुसूची ३

### तालिका नं.३ : व्यवस्थापन र शिक्षशास्त्र दुवै संकायका सबै वर्षको कार्यक्रमगत उत्तीर्ण दर (२०७६-२०७८)

| कार्यक्रम | शैक्षिक सत्र २०७६ | | | शैक्षिक सत्र २०७७ | | | शैक्षिक सत्र २०७८ | | | शैक्षिक सत्र २०७६-२०७७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षा मासामेल | उत्तीर्ण | प्रतिशत | परीक्षा सामेल | उत्तीर्ण | प्रतिशत | परीक्षा सामेल | उत्तीर्ण | प्रतिशत | परीक्षा सामेल | उत्तीर्ण | औषत प्रतिशत |
| विविएस | ८४ | १८ | २१.४३ | १३२ | २३ | १७.४२ | १५८ | ५१ | ३२.२७ | ३७४ | ९२ | २४.५९ |
| विएड | ७१ | ३० | ४२.२५ | १०९ | २३ | २१.१० | १२९ | ३८ | २९.४५ | ३०९ | ९१ | २९४४ |
| **जम्मा** | १५५ | ४८ | ३०.९६ | २४१ | ४६ | १९.०८ | २८७ | ८९ | ३१.७१ | ६८३ | १८३ | २६.७९ |

## अनुसूची ४

(क) संरचनागत पूर्वाधारको विकास (भवन , कोठासंख्या र उपभोगको अवस्था)

| भवन संख्या | कार्यलय कक्ष | | | | | अन्य कक्ष | | | कक्षाकोठा | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पक्की | प्रमुख कक्ष | स्टाफ कक्ष | लेखा कक्ष | पुस्तकालय कक्ष | प्राविधिक कक्ष | ल्याब कक्ष | बैठक कक्ष | हल | बी.विएस का कक्षा | बी.एड का कक्षा | अतिरिक्त | कोठा |
| ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | ६ | १२ | २ | २८ |

**शौचालयको अवस्था**

| भवन | ब्लक नं. १ शिक्षण भवन (रेस्टरुम +युरिनल) | | | बल्क नं. २ प्रशासनिक भवन ( रेस्टरुम +युरिनल) | | ब्लक नं. ३ प्राज्ञिक भवन (रेस्टरुम +युरिनल) | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | स्टाफ | छात्र | छात्रा | स्टाफ | अन्य | स्टाफ | छात्र | छात्रा |
| | १ | ३+४ | २+५ | २ | १ | १ | १ | १ |

*नोट : शौचालयमा जम्मा रेस्टरुम १२ र युरिनल ९ वटा छन् ।*

## अनुसूची ५

(ख) गैर संरचनागत पूर्वाधारको विकास :

(क) फर्निचरको अवस्था :

| डेक्स बेञ्च | दराज | कुर्शी | टेवल | पोडियम | आराम बेन्च | राउण्ड टेवल | पुस्तक ऱ्याक | फायल ऱ्याक |
|---|---|---|---|---|---|---|---|---|
| १३६ जेडी | ७ | ५४ | १० | १५ | १ | १ | ३ | ३ |

(ख) अन्य विविध पक्ष

| पुस्तक संख्या | बास्केट बल कोर्ट | टेवल टेनिसकोर्ट | कम्पाउण्ड वाल | मोटर सा. स्टेण्ड |
|---|---|---|---|---|
| पा.पुस्तक १५६५ थान स.सामग्री ४२० जर्नल १०थान | ल.१००फू. चौ. ७० फू. | ल. १९फू. चौ.१७ फू. | ....मिटर | ल.६९फू.चा१२.५फू |

## अनुसूची ६

| छात्रवृत्तिको किसिम/स्रोत | कार्यक्रम | वर्ष | विद्यार्थी संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १.आन्तरिक स्रोत | विविएस/विएड | पहिलो | ६५ जना | १,२४,००० | |
| | | दोस्रो | १९ जना | ५३,४०० | |
| | | तेस्रो | १४ जना | ३६,५०० | |
| | | चोथो | १९ जना | ४७,००० | |
| | | **जम्मा** | **११७ जना** | **२,६१,७००** | |
| २.अक्षयकोष | | | ६ जना | ४६,२०० | |
| | | **कूल जम्मा** | **१२३ जना** | **३,०७,९००** | |

## अनुसूची ७

**तालिका नं.प्रति विद्यार्थी खर्चको विवरण**

| आ.ब. | जम्मा प्राप्ती | जम्मा खर्च | विद्यार्थी संख्या | प्रति विद्यार्थी | प्रति विद्यार्थी |
|---|---|---|---|---|---|
| | रु. | रु. | जना | जम्मा खर्च रकम | नियमित खर्च रकम |
| २०७५/०७६ | ८५३३७८७ | ९५९३०४८ | २९२ | रु.३२८५२ | रु.१६५४५.२९ |
| २०७६/०७७ | ११३७२३४९ | १०००२३५७ | ३६३ | रु.२७५५४ | रु.१५५५२.९६ |
| २०७७/०७८ | १९६६०५२७.८२ | १४८५०७२८.२७ | ५४० | रु.२७५०१ | रु.११८४९.२८ |